# फिसर सिलेन्ट

## फिसर सिलेन्ट

फिसर सिलेन्ट भनेको दाँतमा हुने खोपिल्टो वा चिरा सम्बन्धी खराबीलाई रोक्ने सामान्य र उच्च रूपमा प्रभावकारी विधि हो।

## खोपिल्टो तथा चिरा

खोपिल्टो भनेको दन्त इनामेलमा देखिने सानो खाल्डो हो भने चिरा भनेको वंशाणुगत तत्त्वहरूसँग सम्बन्धित विकासात्मक रेखीय खोट हो। यी खोपिल्टा तथा चिराहरू गहिरा वा सतही हुन सक्छन् ।



बङ्गाराका खाना चपाउने सतहहरूमा सामान्यतया धेरै चिरा तथा गहिरा खोपिल्टाहरू हुन सक्छन्

**सम्भावित खतरा:**
खोपिल्टा तथा चिराहरू प्राय: अत्यन्तै गहिरो हुने भएकाले दाँत माझ्ने ब्रसका ब्रिसलहरूलाई त्यस क्षेत्रमा रहेको प्लेक हटाउन कठिन हुन्छ

**सम्भावित परिणाम:**
खोपिल्टो र चिरामा खराबी

**प्रभावकारी रोकथाममूलक उपाय:**
फिसर सिलेन्ट लगाउने

## फिसर सिलेन्ट भनेको के हो?

**फिसर सिलेन्टका विशेषताहरू:**

- रेजिनमा आधारित एक प्रकारको स्वास्थ्यकर सामग्री
- लाइट-प्रशोधनद्वारा ठोस गराइएको
- पारदर्शी वा दाँतको रङ भएको
- स्वादरहित

**उपचारको प्रक्रिया:**




सिलेन्टको जोडाइका लागि इनामेललाई तयार गर्न खोपिल्टो तथा चिराका सतहहरूलाई एसिडले सफा गर्ने




फिसर सिलेन्ट लगाउने




सिलेन्टलाई त्यसपछि प्रशोधन गर्ने लाइटद्वारा कडा बनाइन्छ

## फिसर सिलेन्टका आदर्श गुणहरू

फिसर सिलेन्ट प्रतिरक्षाको भित्ता तयार पार्न इनामेलसँग कसिलो गरी जोडिन सक्छ, जसले खोपिल्टो तथा चिरालाई बन्द गर्छ। यसले उक्त क्षेत्रबाट दन्त प्लेकलाई टाढा राख्न मद्दत गर्छ र खोपिल्टो र चिरासम्बन्धी खराबी हुने सम्भावनालाई घटाउँछ।

## टिकाउपन

मुखको उचित स्याहार गर्ने बानी छ भने, फिसर सिलेन्ट यसलाई पुन: लगाउनुपर्ने आवश्यकता बिना धेरै वर्षसम्म रहीरहन सक्छ।

## मर्मत-सम्भार

वार्षिक रूपमा दन्त परीक्षण गराउन सिफारिस गरिन्छ जसकारण दन्त चिकित्सकहरूको निरीक्षण अन्तर्गत रहेका दन्त चिकित्सक वा दन्त थेरापिस्टहरूले फिसर सिलेन्टको धारणलाई परीक्षण गर्न र आवश्यक भएमा पुन: लगाउन सक्छन्। यसले सिलेन्टको प्रभावकारितालाई सुनिश्चित गर्नसक्छ।

## फिसर सिलेन्टको आवश्यकता को-कोलाई पर्छ?

फिसर सिलेन्ट भनेको दाँतको खराबीलाई रोक्नको लागि दन्त चिकित्सक वा दन्त थेरापिस्टहरूद्वारा प्रयोग गरिने रोकथाममूलक विधि भएकोले, यसलाई गहिरा खोपिल्टा तथा चिराहरू भएका खराब हुन लागेका दाँतमा राख्न सिफारिस गरिन्छ।

तपाईंसँग गहिरो र भारी खोपिल्टो तथा चिराहरू भएको दाँत छ भने, तपाईंले त्यसलाई खराब हुनबाट रोक्नको लागि आफूलाई फिसर सिलेन्टको आवश्यकता छ वा छैन भनी आफ्नो दन्त चिकित्सकसँग छलफल गर्नुपर्छ।